नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स. प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.सं. :- ०७६/०७७
च.नं. :-

मिति: २०७६/१२/११

## जिल्ला प्रशासन कार्यालय, म्याग्दीका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ तथा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम प्राप्त अधिकार प्रयोग गरी मिति २०७६/१२/११ गते मध्यान्ह १२:०० बजेदेखि २०७६/१२/१८ गते बिहान ६:०० बजेसम्मको लागि जिल्लाभर निम्न अनुसारको आदेश जारी गरिएको छ । यो आदेशको अवहेलना गरेमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत सबैमा जानकारी गराइन्छ ।

**निम्न :**

१. औषधि उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने ।

२. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्य कर्मी सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक सबै प्रकारका सार्वजनिक वा नीजि यात्रु बाहक सवारी साधन सञ्चालन नगर्ने ।

३. स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु,खानेपानी, दुध, विद्युत, दुरसञ्चार, सुचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन जस्ता अति आवश्यक सेवा बाहेक अन्य कार्यालय सञ्चालनको लागि आवश्यक हुने कर्मचारी उपस्थित हुने व्यवस्था गरी अन्य कर्मचारीलाई आवश्यक परेको बेला तत्काल उपस्थित हुने गरी सम्बन्धित कार्यालय प्रमुखले बिदा दिने व्यवस्था गर्ने ।

४. औषधि तथा स्वास्थ्य उपकरण, खाद्य वस्तु, खानेपानी, दुध, इन्धन उत्पादन गर्ने उद्योगहरु बाहेक नीजि क्षेत्रबाट सञ्चालित अन्य उद्योग, कलकारखानामा काम गर्ने श्रमिक, कर्मचारीहरूलाई सम्बन्धित उद्योगले विदा दिने व्यवस्था मिलाउने ।

५. व्यवसायीहरूले औषधि र औषधिजन्य सामाग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने । अभाव देखाई मूल्य बृद्धि वा कालाबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानुन बमोजिम नियन्त्रणमा लिई, सामाग्री जफत गरी रोगको रोकथाम वा नियन्त्रणमा उपयोग गरिने ।

२०७६।१२।११
ज्ञाननाथ ढकाल
प्रमुख जिल्ला अधिकारी